श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३८ सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### भूमिसम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: भूमिसम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "भूमिसम्बन्धी (तेस्रो संशोधन) ऐन, २०३८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. भूमिसम्बन्धी ऐन, २०२१ मा दफा २५ क. थप: भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ पछि देहायको दफा २५ क. थपिएको छः–

"२५क. मोहियानी सम्बन्धमा समिति गठन गर्न सकिने: (१) यो ऐनका अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै जिल्लामा जग्गा कमाउने वास्तविक मोहीले मोहियानी हक प्राप्त गर्न सकेको छैन भन्ने लागेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्लामा मोहियानी हक प्रदान गर्नको लागी तोकिएबमोजिमको समिति गठन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम गठित समितिले सम्बन्धित जिल्लाको जग्गा कमाउने वास्तविक मोहीको उजूरी लिई आवश्यक जाँचबुझ गर्नेछ । समितिले त्यस्तो उजूरी लिंदादेखि फछर्यौट गर्दा सम्मको कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(३) उप-दफा (२) बमोजिम जाँचबुझ गर्दा जग्गा कमाउने वास्तविक मोहीको हैसियतले कुनै जग्गा एक वर्ष कमाएको ठहरिएमा दफा ३४ को उप-दफा (१) वा (२) बमोजिमको कबूलियतको दोहोरी, कूत बुझाएको रसीद वा भर्पाई नभए तापनि त्यस्ता मोहीलाई समितिले सो जग्गामा मोहियानी हक प्रदान गर्नेछ ।

(४) कसैको म्याद तारीख गुज्री समितिसमक्ष म्याद तारीख थामी माग्न आएमा समितिले पहिलो पटक ३० दिनसम्म र दोस्रो पटक १५ दिनसम्मको गुज्रेको म्याद तारीख थामी दिन सक्नेछ र उजूरवालालाई पछि आवश्यक परेको बखत झिकाउने गरी तारीख टुटाई दिन समेत सक्नेछ ।

(५) उपदफा (१) बमोजिम गठित समितिलाई उपदफा (२) बमोजिम मोहीको उजूरी लिई कारवाई र किनारा गर्दा यस दफामा लेखिएको अधिकारको अतिरिक्त तोकिएको अधिकारीलाई भए सरहको अधिकारसमेत हुनेछ ।

(६) यो दफा प्रारम्भ हुनुभन्दा अघि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जिल्लामा मोहियानी सम्बन्धमा गठित आयोग वा विशेष अदालतले उजूरी लिई भए गरेको काम कारवाई तथा निर्णय यसै दफा-बमोजिम गठित समितिबाट भए गरेको मानिनेछ ।

(७) समितिले कार्य पूरा गरेको वा काम गर्न नसकेको भनी श्री ५ को सरकारलाई लागेमा सूचित आदेशद्वारा समिति विघटन गर्न सक्नेछ र त्यसरी समिति विघटन भएमा समितिले प्रारम्भ गरी पूरा हुन बाँकी रहेका काम कारवाई तोकिएको अधिकारीमा सर्नेछ ।

(८) समितिको निर्णयबमोजिम मोहीले पाएको मोहियानी हकको दर्ता श्रेस्ता मिलाउने कर्तव्य तोकिएको अधिकारीको हुनेछ ।

३. भूमिसम्बन्धी (तेस्रो संशोधन) अध्यादेश, २०३७ निष्क्रिय भएपछि त्यसको परिणामः भूमिसम्बन्धी (तेस्रो संशोधन) अध्यादेश, २०३७ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले–

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चलती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

३९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०३८।४।२५।१

आज्ञाले–
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३५२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।